"रोशीको दृष्टि, पर्यटन र कृषि"

## रोशी गाउँपालिकाबाट आ. व. ०८०/०८१ मा सम्पादित कार्यहरुको

# वार्षिक प्रगति समीक्षा प्रतिवेदन, २०८१





**प्रतिवेदन पेश गर्नेः**

योजना शाखा

रोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

*रोशी-७,अमलटार, काभ्रेपलाञ्चोक*



Scanned with CamScanner

## आ व ०८०/०८१ को वार्षिक प्रगति समीक्षा कार्यक्रम

## संक्षिप्त प्रतिवेदन

### पृष्ठभूमि

वार्षिक प्रगति समीक्षा कार्यक्रमलाई विगतको राम्रो पक्षबाट सिकेर भविष्यको कार्ययोजना बनाउने बलियो आधारको रुपमा लिईन्छ। मिति २०८१ श्रावण २५ गते शुक्रबारका दिन गाउँपालिकाको सभाहलमा रोशी गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको अध्यक्षता गाउँपालिकाका अध्यक्ष श्री दिनेश लामा ज्यूले गर्नु भएको थियो। कार्यक्रममा गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, वडा सचिवहरु, संघसंस्थाका प्रतिनिधि एवं सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो। अन्य सहभागीहरुमा गाउँपालिकाका कर्मचारीहरु रहेको थियो।

### प्रारम्भिक कार्यक्रम

रोशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री राम बहादुर तामाङ ज्यूको स्वागत मन्तव्यबाट कार्यक्रमको सुरुवात भएको थियो। स्वागत मन्तव्यमा बोल्दै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबहादुर तामाङले- पहिला पहिला नीति तथा कार्यक्रमको बिषयमा मात्र छलफल तथा समीक्षा भएकोमा यस बर्षदेखि ननबजेटरी शाखा र वडा कार्यालयहरूको पनि प्रगति समीक्षा गरी नयाँपन दिएको बताउनु भयो। ठूला आयोजनाहरूको ल्याव टेष्टसहितको अनुगमन भईरहेको र आगामी दिनमा पनि यसरी नै समयमै सकिने गरी काम अगाडी बढाउन लाग्ने बताउनु भयो। - कर्मचारीहरुकै बलबुतोमा मध्यमकालिन खर्च संरचना तयार पारेको। त्यसले गर्दा LISA मा ६९.५ तथा FRAAP मा ७२ अंक प्राप्त भएको। - अब एक घर एक पशु विमा कार्यक्रम समेत निरन्तर सञ्चालन गर्ने। - कर्मचारी र जनप्रतिनिधिहरू एक सिक्काको दुई पाटा भएकोले मिलेर समझदारी पूर्वक काम गर्नु पर्ने बताउनु भयो। प्रमुख प्रशासकीय अधिकृत राम बहादुर तामाङले यस वर्षको समयावधिमा यथार्थ र वस्तुनिष्ठ कामहरु भएको, जस्तैः सबै वडा कार्यालयहरुको पक्की भवन बनाउने कार्य सम्पन्न भई दैनिक सेवा प्रवाहका कार्यहरु वडा कार्यालयबाट नै भएको, पर्यटन प्रबर्द्धनका लागि ऐतिहासिक डम्फु संग्राहलय तथा तिनधारे झरना पर्यटन सडकको निर्माण कार्य अगाडि बढाईएको, जनप्रतिनिधिहरु जुन आस्था र विचारबाट आएको भए पनि विकासका लागि सबैजना एक हुनुपर्छ भनेर भन्नु भएको थियो।

### प्रस्तुतिकरण

समीक्षाको मुख्य कार्यक्रमको रुपमा आ व ०८०/०८१ मा गाउँपालिकाबाट सम्पादित योजना तथा कार्यक्रमहरुको प्रस्तुतिकरण रहेको थियो। लेखा शाखाबाट समग्र आम्दानी तथा खर्चको प्रस्तुतिको साथै कृषि, पशु, शिक्षा, स्वास्थ्य, सहकारी तथा जलश्रोत, सामाजिक सुरक्षा ईकाइ, महिला वालवालिका, उद्यम विकास, आलेप, रोजगार सेवा केन्द्र,आयुर्वेद, न्यायिक समिति, उद्यम विकास तथा पूर्वाधार विकास शाखा र गाउँपालिका अन्तर्गतका सबै १२ वटै वडा कार्यालयबाट प्रस्तुतिकरण गरिएको थियो। सबै शाखा एवं वडा कार्यालयले आर्थिक वर्ष भरी सम्पादन गरेका योजना/कार्यक्रमहरुको वित्तिय तथा भौतिक प्रगति एवं शाखा मार्फत सम्पादन गरिएका असल अभ्यासलाई सफलतम अभ्यासको रुपमा प्रस्तुत गरिएको थियो। लेखा



Scanned with CamScanner

ाखाबाट गरिएको प्रस्तुतिकरणमा समग्र कार्यक्रम र सोको लागि विनियोजित वजेट, वित्तिय र भौतिक प्रगतिहरु समेटिएका थिए योजना तथा कार्यक्रमहरुमा विनियोजित वजेट र शाखाहरु मार्फत सम्पादन भएका कार्य प्रगतिको विषयमा प्रस्तुतिकरण भएको थेयो । आर्थिक प्रशासन तथा राजश्व शाखाबाट सम्पादित कार्यहरु सम्बन्धमा गाउँपालिकाको कुल वजेट, समग्र र समष्टिगत वेत्तिय प्रगतिको संक्षिप्त विवरण पेश गर्नु भएको थियो । आलेप शाखाले वेरुजु फछर्यौट, संपरिक्षण, खर्चमा मितव्ययिता जस्ता वेत्तिय अनुशासनका औजारहरुको सम्बन्धमा समेत स्पष्ट पार्नु भएको थियो । राजश्व शाखाले कर संकलन तथा विवरणको साथै करको दायरा वृद्धि गर्ने सम्बन्धी गाउँपालिकाले यस आर्थिक वर्षमा गरेका कार्यहरु, कार्यक्रमहरु सम्पादन गर्दा आइपरेका समस्याहरु साथै आर्थिक प्रशासनमा सुधार र वित्तिय अनुशासन कायम गर्न भविष्यमा गर्नुपर्ने कार्यहरु समेत प्रस्तुतिमा राख्नु भएको थियो । प्रमुख प्रशासकीय अधिकृत, गा पा उपाध्यक्ष एवं अध्यक्षज्यूले शाखागत प्रस्तुतिमा उठेका सवालहरुको सम्बन्धमा सम्बोधन गर्नुभएको थियो ।

***सहभागीहरुको तर्फबाट वडा नं. ७, ११ र ३ का वडा अध्यक्षहरुले प्रस्तुतिकरण माथि टिप्पणी राखेका थिए ।***

**१. धनजीत लामा ( वडा नं. ३ का वडा अध्यक्ष) -** पूर्वाधार विकासका कार्यमा उपभोक्ता समिति र ठेकेदारहरुबाड प्राविधिक सटिमेट वमोजिम काम नगर्दा जनप्रतिनिधिहरुले जनताको गुनासाहरु सुन्नु परेको बताउनु भयो । पालिकाबाट कामको गुणस्तर चेकजाँच प्रभावकारी ढंगबाट गर्नु पर्ने, ल्याव टेस्ट गर्नु पर्ने त्यसको लागि गाउँपालिकामा ल्याव टेस्ट शाखा खडा गर्नु पर्ने, अनुगमनमा गाउँपालिका उपाध्यक्षले समय दिनु पर्ने, हरेक आयोजनाको कम्तिमा ३ पटक अनुगमन गर्नु पर्ने, वडा कार्यालयमा भएका फर्निचर तथा कम्प्युटर लगायतका सामाग्रीहरु यथासिघ्र मर्मत गर्न गाउँपालिकाले ध्यान दिनु पर्ने, लम्पीस्किन रोगको रोकथामका लागि गाउँपालिकाले प्रभावकारी भूमिका निर्वाह गर्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

**२. अशोक गौतम ( वडा नं. ७ का वडा अध्यक्ष) -** वडा मा भएका स्वास्थ्य ईकाइहरुमा आवश्यकता वमोजिम स्वास्थ्यकर्मीहरुको व्यवस्था हुनुपर्ने, सवारीसाधनको व्यवस्था गर्दा समानुपातिक रुपमा गर्नु पर्ने तर्फ जोड दिनु भयो । बजेट विनियोजन तथा कार्यान्वयनमा आवश्यकताको आधारमा प्राथमिकीकरण गर्नुपर्ने बताउनु भयो ।

**३. लाल कुमार पाख्रीन ( वडा नं. ११ का वडा अध्यक्ष) -** कार्यक्रममा प्रश्न गर्ने मात्र नभई जनप्रतिनीधिहरुले कर्तव्य तथा आ/आफ्नो दायित्ववोध समेत गर्नु पर्ने भन्दै शिक्षा, स्वास्थ्य, कृषि, पशु सबै क्षेत्रमा समानुपातिक बजेट विनियोजन गरी आगामी दिनमा सबै क्षेत्रको विकासका लागि सबैले ध्यान दिनुपर्ने बताउनु भयो ।

## उपाध्यक्षको मन्तव्यः

उपाध्यक्ष मिमबहादुर वाईबा ले रोशीको बिकासका लागि यो समिक्षाले टेवा पुग्ने । विकास निर्माणको अनुगमणमा कुनै कन्प्रमाईज नगर्ने । कडाइका साथ अनुगमन गर्ने । गुणस्तरमा जोड दिई जनताको गुनासोरहित काम गर्ने । - समृद्ध रोशी निर्माणको लागि आजैदेखि लाग्ने भनेर प्रतिबद्धता जनाउनु भयो ।

## गाउँपालिका अध्यक्षको मन्तव्य तथा कार्यक्रमको समापन



Scanned with CamScanner

कार्यक्रमको अन्त्यमा गाउँपालिकाका अध्यक्ष श्री दिनेश लामाले आफ्नो मन्तव्य राख्दै कार्यक्रम समापन गर्नु भएको थियो। उहाँले समग्र रुपमा कार्यक्रम भव्यताका साथ सफल भएको र सफल बनाउन सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिनुभयो। कार्यक्रममा आर्थिक वर्ष ०८०/०८१ को गाउँ र वडा स्तरीय कार्यक्रमहरु अधिकांश सम्पन्न भएका र केही सम्पन्न हुने चरणमा रहेका छन र उक्त आयोजनाहरु पनि समयमै सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो। पालिकाका कार्यहरु अत्यन्तै सौहार्दपूर्ण वातावरणमा सञ्चालन भईरहेको, व्यक्तिगत र दलगत स्वार्थ नभएको, विकासका हरेक काममा सहकार्य हुने समेत बताउनु भयो। मन्तव्यकै क्रममा उहाँले आगामी दिनमा सहमति र सहकार्यका लागि छलफल र अन्तरक्रियालाई अझ बढी प्राथमिकता दिई अगाडि बढ्ने, सबैले परिकल्पना गरेको सामुदायिक दायित्व र प्रतिवद्धता हुनुपर्नेमा जोड दिनुभयो। अन्त्यमा उहाँले पालिका भित्र थुप्रै महत्वपूर्ण र गौरवका आयोजनाहरु रहेको, त्यसको लागि बजेट समेतको व्यवस्था भइसकेको अवस्थामा सबैको साथ, सहयोग र समन्वय सदैव आवश्यक रहने भन्दै सम्बद्ध सबै पक्षलाई कार्यक्रम सफल बनाउन सहयोग गर्नुभएकोमा धन्यवाद दिंदै कार्यक्रमको समापन गर्नुभएको थियो।



Scanned with CamScanner

Scanned with CamScanner

अनुसूची १

# वार्षिक समिक्षा कार्यक्रम २०८१

वार्षिक समीक्षा गोष्ठी

*कार्यक्रम तालिका – २०८१ श्रावण २५ गते शुक्रवार*

**सुभारम्भः**

**अध्यक्षता** - गा. पा. अध्यक्ष श्री दिनेश लामा

**आसन ग्रहणः** श्री मिम बहादुर वाईवा (ज्वाला), उपाध्यक्ष

**आशन ग्रहणः** श्री राम बहादुर तामाङ, प्रमुख प्रशासकीय अधिकृत

**आशन ग्रहणः** श्री दण्डपाणी पौडेल, बरिष्ठ लेखा अधिकृत

**आसन ग्रहणः** श्री वसन्त कुमार तामाङ, प्रवक्ता एवं वडा नं १२ वडा अध्यक्ष

**आसन ग्रहणः** वडा अध्यक्षहरु सबै (१, २, ३, ४, ५, ६,७, ८, ९, १०, ११,)

**आसन ग्रहणः** कार्यपालिका सदस्यहरु सबै

**आसन ग्रहणः** वडा सदस्यहरु सबै

**आसन ग्रहणः** शाखा प्रमुख/प्रतिनिधिहरु सबै

**आसन ग्रहणः** वडा सचिवहरु सबै

- **स्वागत मन्तव्यः** श्री राम बहादुर तामाङ, प्रमुख प्रशासकीय अधिकृत
- **आ.व. २०७९/०८० को वार्षिक कार्य प्रगति सम्बन्धमा वडागत प्रस्तुति**
    - वडा नं. १
    - वडा नं. २
    - वडा नं. ३
    - वडा नं. ४
    - वडा नं. ५

- वडा नं. ६
- वडा नं. ७
- वडा नं. ८
- वडा नं. ९
- वडा नं. १०
- वडा नं. ११
- वडा नं. १२

➢ **आ.व. ०८०/०८१ को वार्षिक कार्य प्रगति सम्बन्धमा शाखागत प्रस्तुति**

➢ स्वास्थ्य शाखा

➢ सामाजिक सुरक्षा तथा पञ्जिकरण ईकाइ

➢ पशुपंक्षी विकास शाखा

➢ कृषि विकास शाखा

➢ रोजगार सेवा केन्द्र

➢ शिक्षा, युवा तथा खेलकुद विकास शाखा

➢ भवन तथा पूर्वाधार विकास (नक्सा पास/अमिन) शाखा

➢ आयुर्वेद शाखा

➢ प्रशासन, सूचना शाखा

➢ न्यायिक समिति (कानुन शाखा)

➢ आर्थिक प्रशासन शाखा

➢ राजश्व

➢ आन्तरिक लेखा परिक्षण शाखा

➢ उद्यम विकास शाखा

➢ महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा

➢ सामी कार्यक्रम

➢ जलश्रोत तथा जिन्सी शाखा



Scanned with CamScanner

अनुसूची २

# प्रस्तुतिकरण

## वार्षिक समीक्षा तथा प्रगति प्रतिवेदन

रोशी गाउँपालिका भित्रका जनताको आर्थिक, सामाजिक, सांस्कृतिक, शासकीय र पूर्वाधारको विद्यमान अवस्थामा सकारात्मक परिवर्तन ल्याई समग्र क्षेत्रको सुधार गर्ने औजारको रुपमा रहेको वार्षिक वजेटबाट यस गाउँपालिकाका विभिन्न क्षेत्रमा उल्लेखनीय कार्यहरु भएका छन् । आर्थिक वर्ष ०८०/०८१ मा रोशी गाउँपालिकाले हासिल गरेका प्रगति प्रतिवेदन देहाय वमोजिम रहेको छ ।

**१. स्थानीय तहबाट आ.व. ०७९/०८० मा जारी भएका कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड)**

क. ऐनहरुः- २ वटा

ख. कार्यविधिः- ३ वटा

ग. कार्ययोजनाः – १ वटा

घ. आवधिक योजनाः- १ वटा

## २.आ.व. २०८०/८१ को वित्तीय अवस्था

रु हजारमा

| क्र. सं. | स्रोतको किसिम | आ.ब.२०८०/०८१ | | | | |
|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | प्रदेश सरकार | जम्मा | खर्च | प्रतिशत |
| १ | समानीकरण अनुदान | १०१५०० | १००२४ | १११५२४ | ९६२४६ | ८६.३० |
| २ | सशर्त अनुदान | ३१६०३८ | २७७५० | ३४३७८८ | ३१३८५४ | ९१.२९ |
| ३ | समपुरक अनुदान | ७५०० | २०००० | २७५०० | १८८७८ | ६८.६४ |
| ४ | विशेष अनुदान | १०००० | - | १०००० | ९६६० | ९६.६० |
| ५ | राजश्व वाँडफाट | १००३१७ | - | १००३१७ | ७४८२४ | ७४.५८ |
| ६ | रोयल्टी | - | - | ८४०६० | ३५५५८ | ४२.३० |
| ७ | सवारी कर | - | ३४२१९ | ३४२१९ | २७८६० | ८१.४१ |
| ८ | घर जग्गा रजिष्ट्रेशन शुल्क | - | १०००० | १०००० | ४३४३ | ४३.४३ |
| ९ | आन्तरिक स्रोत | - | - | ३१६०५ | २७८९१ | ८८.२४ |
| १० | अन्य | | | | | |
| | जम्मा | ५३५३५५ | १०१९९३ | ७५३०१३ | ६०९११४ | ८०.८९ |



Scanned with CamScanner

. आन्तरिक आयको अवस्थाः

(रु हजारमा):

| क्र.सं. | प्रमुख स्रोत | २०८०/०८१ को यथार्थ | कैफियत |
|---|---|---|---|
| | **कर** | | |
| १. | सम्पत्ती कर | १०६२ | |
| २. | भूमि कर (मालपोत) | १५१३ | |
| ३. | व्यवसाय कर | १३६४ | |
| ४. | जडिबुटी, कवाडी र जीवजन्तु कर | ९.९ | |
| ५. | घरवहाल कर | ८८० | |
| ६. | विज्ञापन कर | १८० | |
| ७. | मनोरञ्जन कर | - | |
| ८. | सवारी साधन कर | २७८६० | |
| ९. | घर-जग्गा रजिष्ट्रेसन शुल्क | ४३४३ | |
| | जम्मा | ३७२११.९ | |
| | **गैर कर** | | |
| १०. | सेवा शुल्क (सवै किसिमका) | २१०६ | |
| ११. | दस्तुर (सिफारिश,प्रमाणित, नक्सा पास आदि) | ६६५८ | |
| १२. | विक्री (गिटी,ढुङ्गा,वालुवातथा अन्य सम्पत्तिविक्री) | ६७८२१ | |
| १३. | सम्पति भाडा | - | |
| १४. | अन्य | - | |
| | **जम्मा** | ७६५८५ | |
| | **कूल जम्मा** | ११३७९६.९ | |

**४.आर्थिक वर्ष २०८०।०८१ मा प्रदेश र स्थानीय तहबीचको राजस्व बाँडफाँड (रु.हजारमा)**

| सवारी कर | घरजग्गा रजिष्टेशन शुल्क | ढुंगा गिट्टी बालुवा विक्री | | विज्ञापन कर | | मनोरञ्जन कर | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्त भएको | प्राप्त भएको | प्राप्त भएको | प्रदेशमा पठाएको | प्राप्त भएको | प्रदेशमा पठाएको | प्राप्त भएको | प्रदेशमा पठाएको | प्राप्त भएको |
| २७८६० | ४३४३ | ६७८२१ | २१३९६ | १८० | १६० | | | ३८६३९ |

**५.आ.ब. २०८०/०८१ को बजेट पेश तथा स्वीकृति**

(क) सभामा बजेट पेश गरिएको मितिः२०८०/०३/१०

(ख) सभामा बजेट पारित गरिएको मितिः२०८०/०३/१०



Scanned with CamScanner

(ग) आर्थिक ऐन स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिः २०८०/०३/१०

. गत आ.व. को कार्यपालिका तथा सभाको बैठक सम्बन्धी विवरणः

१. सभाको अधिवेशन/बैठक बसेको पटकः- २

२. कार्यपालिका बैठक संख्याः-१३

३. सभा तथा कार्यपालिका बैठकको मिति, समय, स्थानर कार्यसूची निर्धारित समयमै सदस्यहरुलाई उपलब्ध गराए/नगराएकोः- गराएको

(क) सभाको बैठकको मिति, समय र स्थान सम्बन्धमा समयमैजानकारी गराए/नगराएको- गराएको

(ख) कार्यपालिका बैठकको मिति, समय, स्थान र कार्यसूची निर्धारित समयमै जानकारी गराएको/नगराएकोः गराएको

७. आ.व. ०८०/८१ को खर्चको क्षेत्रगतबाँडफाँड

रु. हजारमा

| क्रसं | विषयगत क्षेत्र | विनियोजित बजेट | यथार्थ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास | १२,०९,३२/५७४ | १०,४८,२०/८५१ | ८६.६८ |
| २ | सामाजिक विकास | ४१,०६,४१/८०१ | ३६,२१,९०/३५४ | ८८.२ |
| ३ | आर्थिक विकास | ४,२९,५७ | ३,२४,१९/६१८ | ७५.४७ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | १,२९,२७/०७३ | १,२४,५५/१२९ | ९७ |
| ५ | सुशासन तथा संस्थागत विकास | १५,७०,००/६२५ | १२,३८,२२/५१५ | ७९ |

७.१ क्षेत्रगत भौतिक प्रगतिको अबस्था (आ.ब.२०८०/०८१)

| क्र. सं. | विषय क्षेत्र | उपक्षेत्र | ईकाइ | भौतिक प्रगति(%) | प्रमुख उपलब्धी |
|---|---|---|---|---|---|
| १ | सडक | कालोपत्रे/ढलान | (कि.मी.) | ० | |
| | | ग्रावेल | | २ | |
| | | ट्र्याक खोल्ने | | ६ | |
| २ | पुल निर्माण | मोटरेवल पुल | ०वटा | ० | |
| | | झोलुङ्गे पुल | ०वटा | ० | |
| | | आकाशे पुल | वटा | ० | |
| ३ | पार्क निर्माण | | ० | ० | |
| ४ | खानेपानी तथा ढल निर्माण | खानेपानी सुविधा थप उपलब्ध गराएका परिवार | | ४०० | |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | खानेपानी सेवाबाट लाभान्वित घरपरिवार | | ४०० | |
| | | ढल निर्माण | | ५ कि.मि. | |
| ५ | वृक्षरोपण | | | | |
| ६ | नदी नियन्त्रण | | | | |
| ७ | सामाजिक सिँचाई | रोपनी/विगाहा | | २ | |
| ८ | जलविद्युत तथा वैकल्पिक उर्जा | उत्पादन | | | |
| | | प्रशासरण लाइन विस्तार | | | |
| ९ | पोखरी ताल तलैया | | | | |
| १० | फोहोरमैला व्यवस्थापन | डम्पिङ्ग साइट | | | |
| | | स्यानीटरी ल्याण्डफिल्ड साइट | | | |
| | | नयाँ मेशिन उपकरण जडान | | | |
| ११ | नयाँ विद्यालय भवन निर्माण सम्पन्न | संख्या | | | |
| १२ | स्वास्थ्य चौकी निर्माण | संख्या | | | |
| १३ | जग्गा संरक्षण | आफ्नै स्वामित्वको | | | |
| | | सरकारी | ० | | |
| | | सार्वजनिक | ० | | |
| | | पर्ति | ० | | |
| १४ | यात्रु प्रतिक्षालय | | ० | | |
| १५ | सामुदायिक भवन निर्माण | | ३ | | |



Scanned with CamScanner

## खण्ड (ख)

## सेवा प्रवाह, योजना तथा अनुगमन

### १. सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्था

क) कार्यालय भवनको पर्याप्तता

| विवरण | संख्या | भवन संरचना (पक्की/कच्ची) | कार्यालय को आफ्नै | अन्य सरकारी भवनको प्रयोग गरिएको | भाडामा रहेको | निर्माणाधिन |
|---|---|---|---|---|---|---|
| न.पा./गा.पा. कार्यालय भवन | २ | अस्थाई | आफ्नै | छैन | | |
| वडा कार्यालय भवन | १२ | पक्की भवन | १२ | | | आफ्नो भवन निर्माणधिन रहेको । |
| विषयगत शाखा वा एकाइ भवन (विषयक्षेत्र समेत उल्लेख गर्ने) | | | | | | |

### २.स्थानीय तहको केन्द्रमा उपलब्ध अन्य भौतिक पूर्वाधारको अबस्थाः

| क्र.सं | विवरण | पक्की | कच्ची/ग्रावेल | नपुगेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडकको पहुँच | कच्ची | कच्ची/ग्रावेल | पुगेको | |

| क्र.सं. | विवरण | राष्ट्रिय | स्थानीय | नपुगेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्युत | राष्ट्रिय | | पुगेको | |

| क्र.सं. | विवरण | भएको | नभएको | सेवा प्रदायक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | इन्टरनेट सेवा | भएको | | ARROWNETPvt.Ltd | |
| २ | सरकारी कारोबार गर्ने बैंक/अन्य वित्तीय संस्था | भएको | | SIDDHARTHA BANK | |

### ३) सवारी साधनको विवरण :

| सवारी साधन | संख्या | अवस्था | | | | भाडामा लिएको भए खुलाउने |
|---|---|---|---|---|---|---|
| | | चालु | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | अन्य (हराएको) | |
| दुई पाङ्ग्रे (मोटरसाइकल/स्कुटर) | ५१ | ४९ | | १ | १ | |
| चारपाङ्ग्रे (जीप/कार/भ्यान) | ३ | ३ | ० | ० | ० | ० |



Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दमकल | | | | | | |
| एम्बुलेन्स | ४ | ३ | १ | | | |
| शववाहन | ० | | ० | ० | ० | ० |
| अन्य (ट्र्याक्टर,ट्रिपर,एक्साभेटर,लोडर आदि) | ० | | | | | |

## ४. स्थानीय तह अन्तर्गत गठित समिति

| समितिको नाम | गत आ.ब.को बैठक सख्या | गत आ.ब.को बैठककोनिर्णयसख्या | कैफियत |
|---|---|---|---|
| अनुगमन तथा सुपरिवेक्षण समितिको बैठक | ४ | - | |
| वडा-स्तरीय अनुगमन समिति बैठक | - | - | |
| स्थानीय राजस्व परामर्श समिति बैठक | २ | ५ | |
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति बैठक | ३ | ५ | |
| बजेट तथा कार्यक्रम समिति बैठक | १ | १ | |
| लेखा समिति बैठक | | गठन नभएको | |
| विधायन समिति बैठक | १ | १ | |
| सुशासन समिति बैठक | | | |
| कार्यपालिका अन्तर्गतका विषयगत समितिहरु बैठक | ५ | ७ | |
| अन्य बिशेष समितिहरुको बैठक | | | |

## ५. न्यायिक समितिः

गत आ.ब.मा दर्ता उजुरी/गुनासोको संख्याः- १४ गत आ.बको बैठक संख्याः- १९

गत आ.ब.मा उजुरी/गुनासो कार्वाही र किनारा संख्याः- ११ (मेलमिलाप -, खारेजी - , वडामा समन्वय - , आफैं मिलेको - )

## ६.स्थानीय तहबाट विद्युतीय सेवा सञ्चालन

क) सेवा प्रवाहमा प्रयोगमा रहेका सफ्टवेयरहरुको प्रकारः ONLINE , OFFLINE

ख) अनलाइन प्रणालीबाट उपलब्ध गराइएका सेवाहरुः लेखा,राजस्व ,योजना ,पञ्जिकरण ,दर्ता चलानि



Scanned with CamScanner CamScanner

ग) मोबाइलएप जस्ता प्रविधिको विकास र प्रयोगको अवस्थाः SMART मोबाईल एप्लिकेशन प्रयोगमा रहेको र डिजिटल भिलेज प्रोफाईल निर्माण भएको ।

**७. गत आ. व. मा सञ्चालित योजना सम्बन्धी विवरण**

**(क) बजेटको आधारमाः**

| क्र.सं. | बिबरण | योजना संख्या |
|---|---|---|
| १. | ५० लाख भन्दा बढी बजेटको आयोजना | १४ |
| २. | ५ लाख देखि ५० लाख सम्मको आयोजना | ६२ |
| ३. | ५ लाख भन्दा कम बजेटको आयोजना | २५८ |

**(ख) योजना कार्यान्वयन**

| क्र.सं. | बिबरण | योजना संख्या |
|---|---|---|
| १. | उपभोक्ता समिति मार्फत | ३०२ |
| २. | निर्माण व्यवसायी मार्फत | १४ |
| ३. | गैरसरकारी संस्था मार्फत | ० |
| ४. | अन्य केही भए खुलाउने. (कोटेशन) | ० |
| | जम्मा | |

**८. आवधिक/क्षेत्रगत योजना सम्बन्धी (अवधि समेत उल्लेख गर्ने)**

(क) स्थानीय तहको प्रोफाइल बनेको/नबनेकोः बनेको

(ख) आवधिक योजना बनेको/नबनेकोः बनेको(२०७८ देखि २०८१ सम्म)

(ग) क्षेत्रगत योजनाहरू :१).........................................................

२).........................................................

**९. सामाजिक सुरक्षा अनुदान सम्बन्धी**

| क्रसं | विवरण | लाभग्राही सङ्ख्या | २०८०/८१ को रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक | २२७६ | २६८५०९४० | |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | ७७ | ६०६४८० | |
| ३ | जेष्ठ नागरिक एकल महिला | २४२ | १९२८५०० | |
| ४ | विधवा | ४९६ | ३८९६९०० | |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | पूर्ण अपाङ्गता भत्ता | १५८ | १८९१२६० | |
| | अति असक्त अपाङ्गता भत्ता | २४३ | १५५१३१२ | |
| | दलित वालवालिका | १४८ | २२४४५७ | |
| | लोपोन्मुख जाति | ७१ | ८४१८९० | |

## खण्ड (ग)
## पारदर्शिता एवं सुशासन/वित्तीय सुशासन

व २०७९/८० को आन्तरिक तथा अन्तिम महालेखा परिक्षकबाट लेखा परिक्षण सम्पन्न भई अन्तिम प्रतिवेदनमा प्राप्त भए अनुसार त बेरुजू १ करोड ९३लाख रहेको छ।

- आ.व २०८०/२०८१ को आन्तरिक लेखा परिक्षण सम्पन्न गरी सम्परिक्षणको प्रक्रिया अघि बढिरहेको छ।
- आ.व. २०७८/२०७९ सम्मको कूल बेरुजू १३ करोड २०लाख १५ हजार रहेको छ। जस मध्ये गत गा वि स को पेश्की करिब बेरुजू १ करोड ३८ लाख ३९हजार २९८ रहेको छ।
- गत गा .वि .स.को असुल भएको रकम रु ५ ला २६ हजार ६२५ तथा आ व २०७७/७८ को असुल गर्नुपर्ने करिव १० लाख मा ६ लाख ३२ हजार ४५० असुल भएको अवस्था रहेको छ। आ.व . २०७९/८० मा आ.व २०७७/७८ को ८ लाख ३० हजार २७० र २०७६/७७ को ४८ लाख ४३ हजार ८३७ र २० हजार असुल उपर भयो
- आ.व. २०७८/७९ का समपरीक्षण मार्फत ८२ लाख ७० हजार बेरुजू फर्छ्यौट गरियो ।
- आ.व २०७७/७८ को असुल र प्रमाण पेश हुनु पर्ने बेरुजू भएकाहरु लाई ३ पटक सम्म पत्राचार गरियो । ( ५६ जना व्यक्ति/फर्म/ उ.स ) जसमध्ये २९ जना बाट बेरुजू फर्छ्यौट गरियो ।
- आ.व २०७८/७९ को प्रारम्भिक प्रतिवेदन अनुसा बेरुजू ५ करोड ९६लाख ९२ हजार रहेकोमा १६ जनालाई पत्राचार गरियो जसमध्ये असुल र प्रमाण पेश भएको /असुल ४,७४,३००/-/ ३,२४,४८,५१३.९०/-प्रमाण पेश -१,६२,२००/-र २९,९६,६०३/-
- आ.व २०७९/८० को अन्तिम प्रतिवेदन बमोजिम पत्राचार गरि असुल १२,०५,९२७ -/- भएको अवस्था
- आ.व २०८०/८१ को अन्तिम लेखा परिक्षण हुन बाँकी रहेको छ ।

पारदर्शिता तथा सुशासनका औजारको प्रयोगको अवस्था

| आर्थिक वर्ष | सार्वजनिक सुनुवाई संख्या | सार्वजनिक परीक्षण संख्या | सामाजिक परीक्षण संख्या | नागरिक वडापत्रको व्यवस्था |
|---|---|---|---|---|
| २०७६/७७ | ३ | २ | ७१ | २ |
| २०७७/७८ | २ | २ | १० | २ |
| २०७८/७९ | १ | | १ | २ |
| २०७९/०८० | २ | ० | १ | ० |
| २०८०/०८१ | १ | ० | १ | १ |

५. उजुरी वा गुनासो सम्बन्धी (चालुआ.व.को)

| काय | आर्थिक वर्ष २०७६/७७ मा परेको | आर्थिक वर्ष २०७६/७७ माफछ्यौंटभए | आर्थिक वर्ष २०७७/७८ मापरेको उजुरी | आर्थिक वर्ष २०७७/७८ मा फछ्यौंट | आर्थिक वर्ष २०७८/७९ मापरेको | आर्थिक वर्ष २०७८/७९ मा फछ्यौंट | आर्थिक वर्ष २०७९/८० मापरेको उजुरी | आर्थिक वर्ष २०७९/८० मा फछ्यौंट भएको |
|---|---|---|---|---|---|---|---|---|



Scanned with CamScanner

| | उजुरीस ङ्ख्या | को सङ्ख्या | सङ्ख्या | भएको सङ्ख्या | उजुरी सङ्ख्या | भएको सङ्ख्या | सङ्ख्या | सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| दु.अ.आ | २ | १ | १ | ० | २ | ० | ७ | १ |
| ष्ट्रिय र्कता न्द्र | ० | | | | ० | | ० | ० |
| जुरी टेका | ३ | ३ | ० | ० | ० | | - | - |
| ार्यालयमा वेदन दर्ता | २ | २ | १ | १ | | | ४ | ४ |
| म्मा | ७ | ६ | २ | १ | | | ११ | ५ |

६. पदाधिकारी तथा कर्मचारीको सम्पत्ति विवरण बुझाएको अवस्था

| विवरण | सम्पत्ति विवरण बुझाउनेकोसंख्या | सम्पत्ति विवरण नबुझाउनेकोसंख्या |
|---|---|---|
| निर्वाचित पदाधिकारी | ६३ | ० |
| कर्मचारी | ६२५ | ० |

खण्ड (ङ)

१. आर्थिक वर्ष २०८०/८१ मा सम्पादित उल्लेखनीय कार्यहरु

क.एसियाकै पहिलो ठूलो डम्फु जिवन्त संग्रहालय निर्माण भएको।

ख.औद्योगीक ग्रामको निर्माण भएको ।

ग. रोशी गाउँपालिका अन्तर्गत रहेका ३ वटा बर्थिङ सेन्टरमा महिनाको १/१ दिन गर्भवती महिलाको भिडियो एक्स-रे गर्ने ब्यबस्था मिलाईएइको ।

घ. सुत्केरी निशुःल्क एम्बुलेन्स सेवा (१७८ पटक)

२. असल अभ्यासहरू:

क.शिक्षा क्षेत्रमा दरबन्दी मिलान गरि शिक्षकहरुको असमानतालाई न्युनीकरण गरीएको ।

ख.बाबु आमाको राम्रो स्याहार गर्ने २४ जनालाई श्रवण कुमार पुरस्कारबाट सम्मान गरिएको ।

ग. सुत्केरी आमा पोषिलो खाना कार्यक्रम मार्फत संस्थागत रुपमा सुत्केरी भई ३५ दिन भित्र जन्म दर्ता गरेको महिलालाई रु.२५०० नगद विवरण गरिदै आएको ।

घ. BKHCCI (Bagamati Kavrepalanchok Hypertensive Care Cascade Initiative)

३. स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्याहरु:

क. गाउँपालिका भित्रको ९० प्रतिशत भू-भाग पर्बतिय क्षेत्र रहेकोले कृषि योग्य जमिनको कमि भई आयआर्जमा बृद्धि गर्न नसक्नु ।

ग. संघ तथा प्रदेशको समन्वय नहुँदा आन्तरिक आय बृद्धि गर्न कठिनाई



Scanned with CamScanner

# बार्षिक समिक्षा कार्यक्रमका झलकहरु



सम्वोधन गर्दै गाउँपालिका अध्यक्ष ज्यू



सम्वोधन गर्दै गाउँपालिका उपाध्यक्ष ज्यू



सहभागिहरुलाई स्वागत गर्दै प्रमुख प्रशासकीय अधिकृत



बार्षिक समिक्षा कार्यक्रमका सहभागीहरु



Scanned with CamScanner

# बार्षिक समिक्षा कार्यक्रममा शाखागत प्रस्तुतिकरणका झलकहरु



आर्थिक प्रशासन शाखा



प्रशासन, सूचना प्रविधि शाखा



राजश्व शाखा



योजना शाखा



कृषि विकास शाखा



स्वास्थ्य शाखा



Scanned with CamScanner



पूर्वाधार विकास शाखा




महिला तथा वालवालिका शाखा



आन्तरिक लेखा परीक्षण शाखा



रोजगार शाखा



शिक्षा शाखा



सामी कार्यक्रम



Scanned with CamScanner



प्रस्तुतिकरण माथि टिप्पणी गर्दै वडा नं. ३ का अध्यक्ष धनजित लामा



प्रस्तुतिकरण माथि टिप्पणी गर्दै वडा नं. ७ का अध्यक्ष अशोक कुमार गौतम

**प्रतिवेदक**

**योजना शाखा**



Scanned with CamScanner